**निर्णयहरू :**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा चालु आ.व. ०७५/७६ का लागि स्वीकृत भई ठेक्का बन्दोबस्त/उपभोक्ता समितिबाट योजना संचालन गर्दा स्वीकृत बजेट अंकभन्दा कममा सम्झौता भई बाँकी रहन गएको बजेट रकमको अंक सोही योजनाको थप काममा चालु आ.व. भित्र खर्च हुन सक्ने भएमा सम्बन्धित वडाले उपभोक्ता समिति गठन गरी तत् योजनाको रकम तत् योजनाको काममा खर्च गर्ने ब्यवस्था मिलाउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगरपालिकाको एकिकृत शहरी विकास योजना तर्जूमाका लागि निम्न कार्यक्रमलाई शिर्षक परिवर्तन गरी उक्त रकम एकिकृत शहरी विकास योजना तर्जूमा कार्यक्रममा रू. ३५,००,०००।- (पैतीस) लाख व्यवस्था गर्ने निर्णय गरियो ।

साविक शिर्षक र बजेट

क) सुरक्षित आप्रवास परियोजना रू. २०,००,०००।- (बीस लाख)

ख) वन तथा वातावरण, जलबायु परिवर्तन कार्यक्रममा रहेको २० (वीस) लाख मध्येबाट रू. ५ (पाँच) लाख बाँकी राखि रू. १५,००,०००।- (पन्ध्र लाख)

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा पेश्कि बेरूजु तथा योजना फरफारक समितिको मिति २०७५।१२।२४ र २६ गतेको निर्णयानुसार कार्य सम्पन्न भएका निम्न अनुसारका योजनाको फरफारकका लागि पेश हुन आएका योजनाहरूको फरफारक गरि बाँकी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रयाले स्वास्थ्य चौकी घट्टेडाँडा मोटरबाटो | १ | ६,००,०००।- | |
| २ | चालिसे मोठ मोटर बाटो | ३ | ३,००,०००।- | |
| ३ | वगुवा भटमासे मोटर बाटो | ३ | ५,००,०००।- | |
| ४ | ठुली पोखरी चतुरे मोटर बाटो | ३ | ५,००,०००।- | |
| ५ | ठुली पोखरी निर्माण | ३ | ५,००,०००।- | |
| ६ | नाकल डाँडा सिमथुम्की मोटर बाटो | ३ | ३,००,०००।- | |
| ७ | जलेश्वर खोल्सादेखि जाकिडोल सडक स्तरोन्नती | ८ | १०,००,०००।- | |
| ८ | फुल्चोकी मार्ग दाङधाटेश्वर गल्ली बाटो | १० | १०,००,०००।- | |
| ९ | ध्वाखापाटी अगाडी कलात्मक गेट निर्माण | ७ | १०,००,०००।- | |
| १० | बासघारी लप्सीबोट मोटरबाटो | ५ | १०,००,०००।- | |
| ११ | धाराचौर जोरढुंगेधारा | २ | ५,००,०००।- | |
| १२ | लिलावती खोला संरक्षण कार्य | १,२,३ | २५,००,०००।- | |
| १३ | छरूवा कमारा चौर भोट गाउँ मोटरबाटो | १ | १०,००,०००।- | |
| १४ | ठुलो दोबाटो टुसाल भैसी काट्ने चौर सडक स्तरोन्नती | ५ | १०,००,०००।- | |
| १५ | ठुलो दोवाटो गोदार टोल लाकुरी खोरिया सकड | ५ | ३,००,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| १६ | गणेशस्थान देवीस्थान सडकको ललिञ्चोक खण्डमा ग्याबिन जालि भर्ने कार्य (०७५।११।५ को निर्णय ) | ६ | १,५०,०००।- | |
| १७ | ऋषेश्वर मन्दिर निर्माण | ६ | ५,००,०००।- | |
| १८ | खहरेखोला देविस्थान सडक स्तरोन्नती | ६ | ५,००,०००।- | |
| १९ | साविक ३ र ४ बाँसडोल खोलामा पुल निर्माण | ४ | २५,००,०००।- | |
| २० | देविगल्ली (ज्योती बचत दलिञ्चोक) बाटो निर्माण | ६ | ३,००,०००।- | |
| २१ | पच्चीसे खेल मैदान निर्माण वडा नं. ६ | ६ | ५,००,०००।- | |
| २२ | सुब्बागाउँ स्वास्थ्य चौकी घेरावार निर्माण | ५ | २,००,०००।- | |
| २३ | पुछारि कुखुरेटार गुर्धुम मोटरबाटो | ३ | २०,००,०००।- | |
| २४ | खत्रि गाउँ मोटरबाटो | ४ | ६,००,०००।- | |

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र सवै तहका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई पोशाकमा एकरूपता कायम गर्न रोटरी कल्ब अफ पनौतीसंगको सहकार्यमा सामुदायिक विद्यालयमा प्रतिक चिन्ह वितरण कार्यक्रममा रहेको ४ (चार) लाख र सामुदायिक स्कूल बस तथा एम्बुलेन्स खरिद कार्यमा रहेको बजेट रकम रू. ३५ (पैतीस) लाख मध्येबाट १३ (तेह्र) लाख गरी जम्मा १७ (सत्र) लाख बरावरको साझेदारी गर्ने साथै उपयुक्त ड्रेस कोड शिक्षा शाखाको समन्वयमा तोक्ने निर्णय गरियो ।

५. बिविध :

क) आवश्यक कागजात र प्रकृया पुरा भएको देखिदा पनौती ४ दुधमिल ठेगाना रहेको नवक्कस्ट्रसन एण्ड सप्लायर्सलाई 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

ख) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि ०७५ बमोजिम मूल्याङ्कन तथा सुपरीवेक्षण गर्न देहाय बमोजिमको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

समितिको बनौट

| | | |
|---|---|---|
| उप-प्रमुख | श्री गीता बन्जारा | संयोजक |
| कार्यपालिका सदस्य सदस्य | श्री चण्डिका परियार | सदस्य |
| कार्यपालिका सदस्य सदस्य | श्री मदन विश्वकर्मा | सदस्य |
| अपाङ्गता भएका व्यक्तिबाट | श्री ज्ञानबहादुर लामा | सदस्य |
| पत्रकार | श्री रामसुन्दर आचार्य | सदस्य |
| कार्यक्रमसंग सम्बन्धित शाखा प्रमुख | | सदस्य |
| अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुख | | सदस्य सचिव |

निर्णय प्रतिलिपि उतार

२०७५/१२/२६

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

ग) यस नगरपालिकाको तेस्रो नगर सभाद्वारा चालु बर्षका लागि स्वीकृत निम्न योजनाको शिर्षक परिवर्तन गरि उक्त योजनामा बैकल्पिक सडक निर्माण योजनाबाट रू. १५ (पन्ध्र) लाख थप गरी जम्मा रू. ३० (तीस) लाख बरावरको योजना स्वीकृत गर्ने निर्णय गरियो ।

| साविक योजना र बजेट | स्वीकृत योजना |
|---|---|

पनौती नगरपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| पनौती बसपार्क सपिङ्ग कम्प्लेक्स पछाडी बाटो स्तरोन्नती कार्य रू. १५,००,०००।- | पनौती बसपार्क सपिङ्ग कम्प्लेक्स पछाडी अस्थायी सेड निर्माण रू. ३० (तीस) लाख । |

घ) यस नगरपालिकाको ९ नं. वडाको वडा कार्यालय भवन र १२ नं. वडाको स्वास्थ्य चौकी भवन निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन गर्न देहाय बमोजिम जग्गा छनौट सिफारिश समिति गठन गर्ने निर्णय गरियो । साथै समितिको क्षेत्राधिकार ०७५।१०।०५ को कार्यपालिका बैठकले निर्धारण गरे अनुसार हुनेछ ।

**९ नं. वडा कार्यालय जग्गा छनौट सिफारिश समिति**

| | |
|---|---|
| १. श्री शङ्कुलकुमार हुमागाई वडा अध्यक्ष वडा नं. ९ | संयोजक |
| २. श्री केवल रम्तेल नगर कार्यपालिका सदस्य | सदस्य |
| ३. श्री पुरूषोत्तम कर्माचार्य वडा सदस्य वडा नं. ७ | सदस्य |
| ४. श्री प्रेमकुमार सोनाम इन्जिनीयर | सदस्य |
| ५. श्री इश्वर कार्की सर्वेक्षक | सदस्य सचिव |

**कलाँती भुमिडाँडा स्वास्थ्य चौकी जग्गा छनौट सिफारिश समिति**

| | |
|---|---|
| १. श्री ईश्वरराज जंगम वडा अध्यक्ष वडा नं. १२ | संयोजक |
| २. श्री केशव बन्जारा वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| ३. श्री इन्चार्ज कलाँती भुमिडाँडा स्वास्थ्य चौकी | सदस्य |
| ४. श्री प्रेमकुमार सोनाम इन्जिनीयर | सदस्य |
| ५. श्री इश्वर कार्की सर्वेक्षक | सदस्य सचिव |

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

ङ) हालसालै पूर्वी तराईको बारा जिल्लामा हावाहुरीले पुर्‍याएको क्षति उपर यस नगरपालिकाको तर्फबाट जिल्ला समन्वय समिति काभ्रे मार्फत विपद् व्यवस्थापन शिर्षकबाट जिल्ला विपद् व्यवस्थापन समिति बारालाई रू. १,११,१११।- राहत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

च) काभ्रे उपत्यका एकिकृत खानेपानी आयोजनाको निर्माण कार्यको भेरिएशन अर्डर १ र २ स्वीकृत भई सोमा बढ्न गएको रकम तथा Price Escalation मा बढ्न जाने रकम सहित आयोजनाको सुरू लागतमा ६५.१८ प्रतिशत बृद्धि भए अनुसार काभ्रे उपत्यका खानेपानी व्यवस्थापन बोर्ड तथा यस नगरपालिका समेतबाट नगर विकास कोषसंग लिएको ऋण रकममा थपको लागि माग गरि पठाएको र आयोजनाले लागत बृद्धिलाई मध्यनजर गरी आयोजनाको दिगोपना र भविश्यमा कोषलाई तिर्नुपर्ने साँवा ब्याज रकमको व्यवस्थापनका लागि शुरूमा प्रस्तावित न्यूनतम मासिक महसुल रू. २४८।- लाई नगर विकास कोषबाट गरिएको अध्ययन अनुसार धारा संख्या तथा पानीको श्रोतको आधारमा १५,९५८ धारा संख्या जडान गर्न सकिने अबस्थालाई ध्यानमा राखि न्यूनतम मासिक महसुल रू. ३८०।- (तीन सय असी) निर्धारण गर्नुपर्ने देखिन आएकोले सो अनुसारको महसुल लगाउन यस नगरपालिका प्रतिवद्ध रहेकोले प्रस्तावित शुल्क निर्धारणमा सहमति जनाउने निर्णय गरियो ।

छ) यस नगरपालिका क्षेत्रको वडा नं. २ स्थित नागी गुर्दुम डाँडा क्षेत्र पर्यटकिय संभावना बोकेको स्थल भएकाले उक्त क्षेत्रलाई थप शौद्धर्यमय बनाउन पर्यटन विकास कार्यक्रममा रहेको ५ (पाँच) लाखबाट सम्बन्धित वडा मार्फत उपभोक्ता समिति गठन गरि सो ठाउँमा उपयुक्त उद्यान निर्माण गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

ज) प्रथम काभ्रे गोडकप फुटवल प्रतियोगिता संचालनका लागि जिल्ला फुटवल संघ काभ्रेलाई खेलकुद विकास कार्यक्रम शिर्षकबाट रू. ५०,०००।- (पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

झ) यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्न भईरहेको विद्यालय अनुगमन निरिक्षणका लागि सामुदायिक विद्यालय बस तथा एम्बुलेन्स खरिद शिर्षकबाट बजेट व्यवस्था हुने गरी जम्मा रू. ३,२४,०००।- (तीन लाख चौबिस हजार) बराबरको अनुगमन निरीक्षण कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

ञ) रोजगारीको हक सम्बन्धी नियमावली, ०७५ को नियम १४ बमोजिम नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामका लागि देहाय बमोजिम पनौती नगरपालिका स्तरिय निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

| | | |
|---|---|---|
| १. श्री भीम न्यौपाने | प्रमुख | संयोजक |
| २. श्री गीता बन्जारा | उप-प्रमुख | सदस्य |
| ३. श्री गुणनाथ सापकोटा | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| ४. श्री शहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| ५. श्री प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव |

निर्णय प्रतिलिपि उतार
इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत